**मिति २०८०/०९/१६ गते सोमबार १५१औं कार्यपालिका बैठक**

**प्रस्तावहरु:**

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा।
२. वडा नं. ८को ढिकपुर गाउँलाई वडा नं. ९मा गाभ्ने सम्बन्धमा।
३. लागत साझेदारीमा कार्यक्रम संचालनका लागि प्रतिवद्धता पत्र पठाउने सम्बन्धमा।
४. नेपाल नगरपालिका संघलाई भवन निर्माणका लागि रकम निकाशा दिने सम्बन्धमा।
५. जाजरकोट भुकम्प पिडितका लागि सहयोग रकम उपलब्ध गराउने सम्बन्धमा।
६. निजि जग्गाबाट ढुंगा, गिट्टी, वालुवा, माटो उत्खनन सम्बन्धमा।
७. ठेक्का तोडने सम्बन्धमा।
८. IEE प्रतिवेदन स्वीकृत, प्रयोग तथा बिक्री गर्ने सम्बन्धमा।
९. वालिम खोलाको पक्की पुल निर्माणको आई.ई.ई. प्रतिवेदन स्वीकृत सम्बन्धमा।
१०.विविध।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकाको वडा नं. ८ मा रहेको ढिकपुर गाउँलाई वडा नं. ९मा गाभ्ने सम्बन्धमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५(३)मा उल्लेख भएका आधारहरुलाई विश्लेषण गर्दा उपर्युक्त २२९ घरधुरी रहेको गाउँ भौगोलिक हिसाबले वडा नं. ९ को केन्द्रमा परेको, भाषिक, साँस्कृतिक तथा सामाजिक विशिष्टतामा प्रतिकुल असर नपर्ने, हालको वडा नं. ९ को वडा कार्यालय, स्वास्थ्य चौकी लगायतबाट प्रदान गरिने सेवा समेत सोही वडा नं. ८ को ढिकपुर गाउँबाट प्रवाह भइरहेको तथा वडा नं. ९ को सडक सञ्जालसँग समेत सो गाउँ जोडिने भएकोले हाल वडा नं. ८ मा पर्ने ढिकपुर गाउँलाई वडा नं. ९ मा गाभ्ने प्रस्ताव चालु नगरसभाको आगामी बैठकमा पेश गर्ने गरी स्वीकृत गरियो।

**निर्णय नं. ३**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्रोत परिचालन तथा समन्वय शाखाको च.नं. ३१, मिति २०८०।०९।०५ गतेको पत्रबाट आ.व. २०८०/८१मा लागत साझेदारीमा कार्यक्रम संचालनका लागि नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि २०८० को दफा ४०(२) बमोजिमको मापदण्ड पूरा गरेका स्थानीय तहको सूचीमा घोराही उपमहानगरपालिका परेकोले तपसिल बमोजिमका कार्यक्रमहरु पालिकाबाट ३० प्रतिशत लागत साझेदारीमा संचालन गर्ने प्रतिवद्धता पत्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने।

**तपसिलः**

| | |
|---|---|
| १. कृषि उपज हाटबजार व्यवस्थापन(नाला क्यारी, पिच) घोराही १५ अमृत टोल | रु.५०,००,०००।— |
| २. औद्योगिक ग्राम डि.पि.आर. तथा आर्थिक पूर्वाधार वडा नं. ६ | रु.२०,००,०००।— |
| ३. आर्थिक सचेतना सशक्तिकरण आयस्तर तथा उत्पादन वृद्धि कक्षा सञ्चालन | रु.३०,००,०००।- |

**निर्णय नं. ४**

नेपाल नगरपालिका संघको च.नं. ४, मिति २०८०।०४।१५ गतेको पत्रबाट संघको भवन निर्माणकालागि आर्थिक सहयोग गरिदिनुहुन भनि पत्र प्राप्त भएकोले संघलाई घोराही उपमहानगरपालिकाको आ.व. २०८०/८१को वार्षिक बजेटमा संघको भवन निर्माणका लागि विनियोजित बजेट रकम रु.१५,००,०००।—(पन्ध्र लाख मात्र) नेपाल नगरपालिका संघको खातामा रकम निकासा गर्न आर्थिक प्रशासन शाखालाई अनुमती दिने।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकाको मिति २०८०।०७।१९ गते बसेको नगरकार्यपालिकाको १४७औं बैठकको निर्णयबाट जाजरकोट भुकम्प पिडितका लागि यस घोराही उपमहानगरपालिकाका सबै कर्मचारी, शिक्षक तथा जनप्रतिनिधिज्यूहरुको १ दिन बराबरको तलब तथा सुविधा वापत हुन आउने रकम सहयोग गर्ने निर्णय भएकोमा उक्त रकम भेरी नगरपालिका जाजरकोटलाई उपलब्ध गराउने।

**निर्णय नं. ६**

घोराही उपमहानगरपालिकाको मिति २०८०।०९।१० गते बसेको नगरकार्यपालिकाको १४७औं बैठकको निर्णयबाट भूमि व्यवस्थापन सम्बन्धी आवश्यक कानून निर्माण गर्ने निर्णय भएको हुँदा उक्त कानून निर्माण नभएसम्मका लागि निजि जग्गाबाट उत्खनन हुने ढुंगा, गिट्टी, वालुवा, माटो आदि संकलन तथा ढुवानी गर्ने सम्बन्धी कार्य तत्काल स्थगित गर्न पूर्वाधार तथा भूमि व्यवस्थापन महाशाखालाई निर्देशन दिने।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिका र सडक बोर्ड नेपालको साझेदारीमा संचालित वार्षिक ठेक्का नं. NCB/WORKS/GSMC/26/077/078 को ठेक्कामा रहेका भानपुरचोकदेखि भानपुर गाउँसम्म, राप्ती टोल सब्जीमण्डी पश्चिमदेखि बालमन्दिर चोक, लालीगुराँस लखनचोक, बसन्त बिहार सभा गृह चोक वरिपरी, शिव मन्दिर टोलदेखि गणेश मन्दिर चोकसम्म, रामजानकी टोलमा बाल मन्दिर चोकदेखि आनन्द टोलसम्म, सृजनशील टोल, सरस्वती टोलदेखि शहित मार्ग, एकता टोल उत्तरतर्फको सडक, बसपार्क क्षेत्र, नेत्रलाल चोकदेखि काठेकोल स्कुलहुँदै एम.वि. रेष्टुरेण्टसम्म, काठेकोल स्कुलदेखि गौतम वाटर सप्लाईसम्म, कटुवा खोला मार्ग, दिपशिखा चोकदेखि गुरुकुल स्कुलसम्म, भृकुटीनगर टोल, भरतपुर महेन्द्र सोरुम वरपर, मित्रनगर टोल, बर्गद्दी चोक क्षेत्र, वडाका विभिन्न क्षेत्रहरु, लख्वारे कुलोदेखि पनौरा चोकसम्म, चौघेरादेखि दक्षिण बर्गद्दी जाने सडक, मितेरी हस्पिटल कटुवा खोला पुलदेखि अम्बिकेश्वरी मन्दिरसम्म र फुर्सेखाली क्षेत्र पिच सडक मर्मत कार्यको लागि यस कार्यालय र रोयल बिल्डर्स तुल्सीपुर १७, दाङ विच मिति २०७८।०५।११ गते खरिद सम्झौता भए बमोजिम खरिद सम्झौतामा उल्लेखित सडक मध्ये केही सडक मर्मत गरी निर्माण व्यवसायीबाट मर्मत कार्य विचैमा रोकेको र सोही आर्थिक वर्षको चैत मसान्तसम्म (सडक बोर्ड नेपालको च.नं. ७०९, मिति २०७८।०९।०५को पत्रानुसार) सम्पूर्ण सडक मर्मत कार्य सम्पन्न गर्नेगरी मर्मत कार्य अगाडी नबढाएको हुँदा सो सम्बन्धमा वार्षिक ठेक्का भएकोले तोकिएकै मितिमा सम्पन्न गर्न यस कार्यालयको च.नं. ४५४४, मिति २०७८।११।२१ तथा ठेक्का तोडने सम्बन्धी च.नं. ६१८०, मिति २०७९।०३।०७ र मिति २०७९।१२।१७ को पत्र मार्फत लिखित पत्राचार गर्दा समेत ठेक्का बमोजिमको कार्य गर्नेतर्फ कुनै चासो नदेखाएको तथा कार्यालयको सम्पर्कमा समेत नआएको हुँदा वार्षिक ठेक्का बमोजिमको कार्य सोही आर्थिक वर्षको चैत समान्तसम्म सम्पन्न नभएको, वार्षिक ठेक्का भएकोले सडक बोर्ड नेपालबाट सो ठेक्कालाई बहुवर्षिय ठेक्कामा परिणत गरी म्याद थप र रकम निकाशा समेत नभएको हुँदा सडकको विग्रदो अवस्था र आम नागरिकको माग बमोजिम उपर्युक्त ठेक्कामा परेका सडकहरु सडक बोर्ड नेपाल र यस कार्यालयको साझेदारीमा पछिल्लो आ.व.को ठेक्कामा समावेश गरी मर्मत समेत भईसकेको हुँदा रोयल्ड विल्डर्स तुल्सीपुर दाङ्ग र यस कार्यालय विच मिति २०७८।०५।११ गते भएको ठेक्का नं. NCB/WORKS/GSMC/26/077/078 को खरिद सम्झौता गर्दा राखेको धरौटी, बैंक ग्यारेन्टी लगायत जमानत वापत राखिएका सम्पूर्ण रकम जफत गरी ठेक्का रद्द गर्ने।

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिका वडा नं. २ र ३ लाई जोडने वालिम खोला पुलको पक्की पुल निर्माणको पिनाकल ईन्जिनियरिङ सोलुशन एण्ड कन्सल्टेन्सी प्रा.लि. घोराही दाङबाट तयार गरिएको आई.ई.ई. प्रतिवेदन घोराही उपमहानगरपालिकाको मिति २०८०।०९।१३ गते बसेको वातावरण समितिको बैठकमा पेश भई अध्ययन गरी पूर्वाधार विकास तथा भूमि व्यवस्थापन महाशाखाबाट पेश भएको बालिम खोला पक्की पुल निर्माणको आई.ई.ई. प्रतिवेदन स्वीकृत गर्ने।

**निर्णय नं. १०**

**१०.१** घोराही उपमहानगरपालिका वडा नं. ११ बस्ने रमेश गन्धर्वको मिति २०८०।०९।१३ गते मृत्यू भएकोले उहाँको परिवारको आर्थिक अवस्था कमजोर रहेकोले काज किरियाका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि ११ नं. वडा कार्यालयको च.नं. ११७४, मिति २०८०।०९।१३ गतेको पत्रबाट सिफारिस साथ अनुरोध  भई आएकोले उहाँको परिवारलाई सहयोग स्वरुप आर्थिक सहायता रकम रु.१५,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

**१०.२** घोराही उपमहानगरपालिका सरसफाई व्यवस्थापन शाखा अन्तर्गत फोहर संकलनमा कार्यरत हलुका सवारी चालक चैनुलाल चौधरी विरामी हुनुभएको र उहाँले औषधी उपचारका लागि यस कार्यालयमा मिति २०८०।०९।०८ गते निवेदन दिनुभएकोले उहाँलाई औषधी उपचार  खर्च स्वरुप विल भर्पाई अनुसार रकम रु. ३५,०००।—घोराही उपमहानगरपालिकाको सरसफाई व्यवस्थापन शाखाको वार्षिक बजेटमा विनियोजित सरसफाई कर्मचारी  औषधी उपचार खर्च शीर्षकबाट खर्च हुने गरी उपलब्ध गराउने।

**१०.३** पद्मोदय पब्लिक नमुना माध्यामिक विद्यालय भरतपुर दाङको च.नं.३२८, मिति २०८०।०९।११ को पत्रबाट नेपाल रेडक्रम सोसाइटी जुनियर सोसाइटी दाङको आयोजनामा जिल्ला भरिका विद्यालयका छात्र, छात्रा र शिक्षक नायकहरुको जिल्ला स्तरीय २ दिने गोष्ठी(३२औं जुनियर/युवा गोष्ठी) संचालनका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि अनुरोध भई आएकोले उक्त गोष्ठीमा भएको खर्चको विल भर्पाई  अनुसार विद्यालयलाई रकम रु.२०,०००।— घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।